# आकाशवाणी समाचार- नेपाली
## मितिः १७ अप्रेल २०२६
## समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. लोकसभामा हिजो राति संविधान (१३१औँ संशोधन) विधेयक, २०२६; सीमांकन विधेयक, २०२६ र केन्द्र शासित प्रदेश कानून (संशोधन) विधेयक, २०२६ मा छलफल भयो।

२. लोकसभामा तीन विधेयकहरूमा छलफलको क्रममा प्रधानमन्त्री नरेन्द्र मोदीले देशको जनसंख्याको पचास प्रतिशतलाई निर्णय प्रक्रियामा समावेश गर्नुपर्ने कुरामा जोड दिनु भयो।

३. वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले हिजो दक्षिण कोरियाका व्यापार मन्त्री येओ हान-कूसँग बैठकको क्रममा भारत र दक्षिण कोरियाबीच द्विपक्षीय आर्थिक सहयोगलाई सुदृढ पार्ने बारेमा छलफल गर्नुभयो।

४. इजरायल र लेबनानबीचको १० दिने युद्धविराम हिजो रातिदेखि लागू भएको छ।

५. आईपीएल क्रिकेट म्याचमा पञ्जाब किंग्सले मुम्बई इन्डियन्सलाई ७ विकेटले पराजित गऱ्यो।

**लोकसभा – महिला आरक्षण विधेयक**

लोकसभाको कार्यवाही हिजो राति अबेरसम्म चल्यो। यस सत्रमा संविधान (१३१औँ संशोधन) विधेयक, २०२६; सीमांकन विधेयक, २०२६; र केन्द्र शासित प्रदेश कानून (संशोधन) विधेयक, २०२६ मा छलफल भयो। यी तीन विधेयकहरूको उद्देश्य लोकसभाका साथै राज्य र केन्द्र शासित प्रदेशहरूको विधान सभाहरूमा महिला सदस्यहरूको संख्या बढाउनु हो। संविधान (१०६औँ संशोधन) ऐन, २०२३ मार्फत 'नारी शक्ति वन्दन अधिनियम' सँग सम्बन्धित लोकसभा र विधान सभाहरूमा लगभग एक तिहाइ सिट महिलाहरूका लागि आरक्षित गरिएको थियो। यस उपायको उद्देश्य लोकतान्त्रिक ढाँचामा महिलाहरूको बढी सहभागिता सुनिश्चित गर्नु हो। यी तीन विधेयकहरू निर्वाचन क्षेत्रहरूको सीमांकनलाई सहज बनाउन र लोकसभा र विधान सभाहरूमा महिलाहरूको लागि एक तिहाइ सिट आरक्षण सम्बन्धी प्रावधानहरू कार्यान्वयन गर्न पेश गरिएको हो।
कानून मन्त्री अर्जुन राम मेघवालले हिजो लोकसभामा संविधान (१३१ औं संशोधन) विधेयक, २०२६ पेश गर्नुभयो। यस विधेयकको उद्देश्य लोकसभामा सिट संख्या ५४३ बाट बढाएर ८५० पुऱ्याउनु हो। यी ८५० सिटमध्ये ८१५ सदस्यहरू राज्यहरूबाट निर्वाचित हुनेछन् र ३५ सदस्यहरू केन्द्र शासित प्रदेशहरूबाट निर्वाचित हुनेछन्।

'नारी शक्ति वन्दन अधिनियम' मा ऐन लागू भएपछि गरिएको जनगणनाको आधारमा गरिएको पहिलो सीमाङ्कन अभ्यासपछि महिलाहरूको लागि एक तिहाइ आरक्षण लागू हुने प्रावधान थियो। संविधान (१३१ औं संशोधन) विधेयक, २०२६ ले अर्को जनगणना - र त्यसमा आधारित त्यसपछिको सीमाङ्कन - ले धेरै समय लिने उल्लेख गरेको छ, जसले गर्दा लोकतान्त्रिक प्रणालीमा महिलाको सहभागिता सीमित हुनेछ। यस विधेयकको उद्देश्य हालै प्रकाशित जनगणना तथ्याङ्कको आधारमा सीमाङ्कन अभ्यासमार्फत महिलाहरूको लागि एक तिहाइ आरक्षण लागू गर्नु हो।

**प्रधानमन्त्री - महिला आरक्षण विधेयक**

लोकसभामा तीन विधेयकहरूमा छलफलको क्रममा प्रधानमन्त्री नरेन्द्र मोदीले देशको जनसंख्याको पचास प्रतिशतलाई निर्णय प्रक्रियामा समावेश गर्नुपर्ने कुरामा जोड दिनु भयो। उहाँले भन्नु भयो, 'नारी शक्ति' (महिला शक्ति) ले राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका खेलिरहेको छ र नीति निर्माणमा उनीहरूलाई पर्याप्त प्रतिनिधित्व प्रदान गर्नु अहिलेको आवश्यकता हो।

प्रधानमन्त्रीले जोड दिनु कसैले पनि भारतका महिलाहरूलाई उदारतापूर्वक केही प्रदान गरिरहेको भ्रम राख्नु हुँदैन, किनकि यो उनीहरूको जन्मजात अधिकार हो। प्रधानमन्त्रीले विपक्षी दलहरूलाई यो ऐतिहासिक विधेयकलाई राजनीतिकरण नगर्न अपील गर्नुभयो, किनकि यो सबैको लागि र देशको लोकतन्त्रको लागि लाभदायक साबित हुनेछ। उहाँले भन्नु भयो, अहिले यो विधेयकको विरोध गर्नेहरूले भविष्यमा यसको परिणाम भोग्नुपर्नेछ। श्री मोदीले भन्नुभयो, यो विधेयकले देशको मार्ग र भविष्यलाई आकार दिन महत्वपूर्ण भूमिका खेल्नेछ। उहाँले जोड दिनु भयो, विकसित भारत केवल पूर्वाधार, रेलवे वा आर्थिक सूचकहरूमा मात्र सीमित छैन; बरु, महिलाहरूको समान सहभागिता पनि एक आवश्यक पूर्वाधार हो। उहाँले अझ भन्नु भयो, नीति निर्माणको क्षेत्रमा, सरकारले 'सबका साथ, सबका विकास' को भावनालाई कायम राख्न खोज्छ। प्रधानमन्त्रीले जोड दिनु भयो, देशको संसदीय लोकतन्त्रमा महिलाको सहभागिता केवल तथ्याङ्कको कुरा होइन, तर लोकतान्त्रिक मूल्यमान्यताप्रति प्रतिबद्धताको प्रमाण हो। उहाँले उल्लेख गर्नु भयो, लगभग ६ हजार ७०० ब्लक पञ्चायतहरूमध्ये, लगभग २ हजार ७०० हाल महिलाहरूले नेतृत्व गरिरहेका छन्। श्री मोदीले देशले आज हासिल गरिरहेको प्रगतिमा महिलाहरूले महत्वपूर्ण योगदान पुऱ्याएको बताउनुभयो र यो योगदानलाई विधिवत रूपमा स्वीकार गर्नुपर्छ। उहाँले भन्नु भयो, एक पटक अनुभवको यो भण्डार सदनको अभिन्न अंग बनेपछि, यसले सञ्चालन दक्षतामा धेरै गुणा वृद्धि गर्नेछ।
प्रधानमन्त्रीले यो कानून कार्यान्वयनको क्रममा कुनै पनि राज्यले अन्यायको सामना गर्नु पर्ने छैन भन्ने आश्वासन दिनुभयो।

**सिक्किम – महिला ऱ्याली**

सिक्किममा, आज बिहान गान्तोकमा 'नारी शक्ति वन्दन अधिनियम' मनाउने महिला ऱ्याली आयोजना गरिँदैछ। यो ऱ्याली राज्यका प्रमुख महिलाहरूले प्रधानमन्त्री नरेन्द्र मोदीप्रति कृतज्ञता व्यक्त गर्न आयोजना गरिरहेका छन्। ऱ्याली देवरालीबाट शुरु भएर पाल्जोर स्टेडियममा समापन हुनेछ। यस ऱ्यालीमा राज्यका धेरै प्रमुख महिला व्यक्तित्वहरू सहभागी हुने अपेक्षा गरिएको छ।

**राज्यसभा उपसभापति**

आज राज्यसभामा उपसभापति पदको लागि चुनाव हुँदैछ। केन्द्रीय मन्त्री जे.पी. नड्डाले राज्यसभाको उपसभापति पदमा निर्वाचित हुन मनोनित सदस्य श्री हरिवंशको नाम प्रस्ताव गर्नुहुनेछ। भारतीय जनता पार्टीका सांसद एस. फांगनोन कोन्याकले प्रस्तावको समर्थन गर्नुहुनेछ। यसका साथै, केन्द्रीय मन्त्री निर्मला सीतारमण र जयन्त चौधरी, भाजपा अध्यक्ष तथा राज्यसभा सांसद नितिन नवीन र जनता दल (संयुक्त) सांसद संजय कुमार झाले पनि राज्यसभाको उपसभापति पदको लागि श्री हरिवंशको नाम प्रस्ताव गर्नुहुनेछ।

**गोयल – दक्षिण कोरिया**

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले हिजो दक्षिण कोरियाका व्यापार मन्त्री येओ हान-कूसँग भर्चुअल बैठक गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्नु हुँदै उहाँले भन्नुभयो, बैठकको क्रममा दुवै नेताहरूले भारत र दक्षिण कोरियाबीच द्विपक्षीय आर्थिक सहयोगलाई सुदृढ पार्ने बारेमा छलफल गर्नुभयो। व्यापार र लगानी सम्बन्धलाई गहिरो बनाउन साझा प्रतिबद्धता व्यक्त गर्नु हुँदै श्री गोयलले दुई देशहरुबीच व्यापक र पारस्परिक रूपमा लाभदायक साझेदारीलाई अगाडि बढाउने आवश्यकतामा जोड दिनुभयो।

**इजरायल-लेबनान युद्धविराम – घोषणा**

इजरायल र लेबनानबीचको १० दिने युद्धविराम हिजो रातिदेखि लागू भएको छ। युद्धविरामले बेरुतमा उत्सवमय वातावरण सिर्जना गरेको छ। युद्धविरामको उद्देश्य दुई देशहरुबीच कूटनीतिक स्तरको वार्ताको अवसर प्रदान गर्नु हो। अमेरिकी विदेश विभागले यो युद्धविरामले इजरायल र लेबनानबीच स्थायी सुरक्षा र शान्ति सम्झौता प्राप्त गर्ने उद्देश्यले रचनात्मक वार्तालाई सहज बनाउने बताएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इजरायल र लेबनानबीचको १० दिने युद्धविरामको घोषणा गर्नु भयो। श्री ट्रम्पले लेबनानी राष्ट्रपति जोसेफ आउन र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूसँगको आफ्नो कुराकानीलाई सकारात्मक बताउनु भएको छ। उहाँले दुवै नेताहरूले शान्तिको बाटो पछ्याउने दिशामा एक कदमको रूपमा युद्धविराममा सहमत

भएको उल्लेख गर्नुभयो। श्री ट्रम्पले दुवै नेताहरूलाई ह्वाइट हाउसमा ठोस वार्ताका लागि १९८३ पछि पहिलोपल्ट यस्तो बैठक आमन्त्रित पनि गर्नु भएको छ।

**ट्रम्प – इरान**

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले परमाणु हतियार उत्पादनमा प्रयोग हुने समृद्ध युरेनियम हस्तान्तरण गर्न सहमत भएको दाबी गर्नु भएको छ। ह्वाइट हाउसमा पत्रकारहरूसँग कुरा गर्नु हुँदै श्री ट्रम्पले दुई देश शान्ति सम्झौताको नजिक पुगेको बताउनु भएको छ। उहाँले भन्नु भयो, यदि सम्झौता भयो भने तेलको अभाव हुनेछैन, होर्मुजको जलडमरूम खुला रहनेछ र सबै कुरा ठीकठाक हुनेछ।

गत हप्ता पाकिस्तानमा भएको लामो शान्ति वार्तामा संयुक्त राज्य अमेरिका र इरान सम्झौतामा पुग्न असफल भए। अमेरिकाले इरानले परमाणु इन्धन समृद्ध गर्ने आफ्नो अधिकार त्याग्न अस्वीकार गरेको दाबी गरेको थियो।
यसअघि इरानले पाँच वर्षको लागि युरेनियम संवर्धन निलम्बन गर्ने प्रस्ताव गरेको थियो, जुन प्रस्ताव ट्रम्प प्रशासनले अस्वीकार गऱ्यो जबकि २० वर्षको अवधिमा जोड दिँदै आएको थियो। ट्रम्प प्रशासनको पहिलेको माग इरानले स्थायी रूपमा घरेलु संवर्धन बन्द गर्ने थियो, किनकि यस्तो गतिविधिले परमाणु हतियार उत्पादन गर्ने क्षमता प्राप्त गर्ने बाटो खोल्न सक्छ। इरानले निरन्तर रूपमा यो कायम राखेको छ कि यसले परमाणु हतियार खोज्दैन र यसको परमाणु कार्यक्रम केवल शान्तिपूर्ण उद्देश्यका लागि हो।

**आईपीएल**

हिजो राति भएको आईपीएल क्रिकेट म्याचमा पञ्जाब किंग्सले मुम्बई इन्डियन्सलाई ७ विकेटले पराजित गऱ्यो। मुम्बईको वानखेडे स्टेडियममा पञ्जाब किंग्सले २१ बल बाँकी रहँदा १९६ रनको विजयी लक्ष्य सफलतापूर्वक हाँसिल गरेको छ। यसअघि पहिले ब्याटिङ गर्दै मुम्बई इन्डियन्सले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदै १९५ रन बनाएको थियो। मुम्बईका लागि क्विन्टन डी ककले धमाकेदार इनिङ खेल्दै केवल ६० बलमा ११२ रन बनाए।
आईपीएल क्रिकेटमा आज गुजरात टाइटन्स अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा कोलकाता नाइट राइडर्ससँग भिड्नेछ। यो म्याच साँझ ७:३० बजे सुरु हुने तालिका छ।